भाग १:

वातावरणीय न्याय

परिच्छेद १: वातावरणीय न्यायको परिचय

यस परिच्छेदमा

- वातावरणीय न्याय र अन्य शब्दावलीहरूको परिभाषा
- वातावरणीय न्यायको इतिहास र यसको विकासक्रम तथा केटलमेन शहरको मुद्दा
- दक्षिण एशियामा वातावरणीय न्याय र आदिबासी आन्दोलन

परिभाषा

वातावरणीय न्याय

सामान्यतया वातावरणीय न्याय भन्नाले सीमान्तकृत समुदायउपर प्रायजसो अन्यायपूर्ण हिसावले थोपरिने वातावरणीय बोझ विरुद्धको आन्दोलन र संघर्ष बुझिन्छ ।

सीमान्तकृत समुदाय

सीमान्तकृत समुदाय भन्नाले कहिलेकाँही अल्पसंख्यक समुदायलाई बुझाउँदछ र त्यस्ता समुदायहरू जो समाजको मूल प्रवाह र बहुसंख्यक क्षेत्रबाट अलग्याइएका हुन्छन् । सीमान्तकृत वर्ग संख्यात्मक रूपले अल्पसंख्यक नहुन पनि सक्ने भएकोले अल्पसंख्यकभन्दा सीमान्तकृत शब्दको प्रयोग बढी उपयुक्त हुन्छ ।

सीमान्तकृत समुदाय मूल प्रवाहबाट निम्न आधारहरूमा अलग्गिएका हुन सक्छन्:

- वंश वा वंशजको उत्पत्तिको आधारमा
- वर्ग वा आर्थिक हैसियत
- जात
- धर्म
- भौगोलिक विकटता वा वहुसंख्यक क्षेत्रहरुबाट एक्ल्याइएको

समुदायहरू विभिन्न किसिमले सीमान्तकृत हुन सक्छन्, जसमध्ये धेरैजसो:

- **राजनीतिक प्रतिनिधित्वको अभाव:** राजनीतिक प्रतिनिधित्वको अभावमा राजनीतिक मुद्दाहरूमा कम आवाज उठ्ने गर्छ जसले गर्दा अहितकारी सरकारी नीति र कानूनको निर्माण हुन्छ ।
- **सामाजिक प्रतिनिधित्वको अभाव:** सामाजिक प्रतिनिधित्वको अभावले राजनैतिक ईच्छा शक्तिमा कमी वा प्रतिनिधित्वमा नै कमी हुने गर्दछ ।

उदाहरणका लागि: यदि बङ्गलादेश मा बसोबास गर्ने सबै मानिस बङ्गाली हुन् भन्ने मानिन्छ भने त्यहाँका आदिवासी जनसंख्या उपेक्षित हुन सक्छन् । परिणामस्वरूप उनीहरूको परम्परा, धर्म, प्रचलन, भेषभूषा र आदिवासी संस्कृतिका अन्य पक्षलाई समेत बेवास्ता गरिन्छ । यसले आदिवासी समुदायलाई सामाजिक र राजनीतिक रूपले अझ सीमान्तकृत बनाउँदछ ।

वातावरणीय न्याय भन्नाले सीमान्तकृत समुदाय उपर प्रायजसो अन्यायपूर्ण हिसाबले थोपरिने वातावरणीय बोझ बिरुद्धको आन्दोलन र संघर्ष बुझिन्छ ।

प्राय: आदिवासी समुदायहरूको आय, शिक्षा तथा स्रोत साधनमा कम पहुँच हुन्छ जुन समुदायलाई सीमान्तकृत गर्ने कारक तत्वहरू हुन सक्दछ ।

मूल प्रवाहका समुदायभन्दा सीमान्तकृत समुदायहरू राजनीतिक रूपले कम प्रभावकारी हुन्छन् ।

उदाहरणका लागि:

- भारत र नेपालका दलित समुदायहरुले जस्तै सामाजिक थिचोमिचो भोगेका हुन सक्छन् ।
- सरकारको राजनीतिक दमन भोगेका हुन सक्छन्। जस्तै: तालिवानको शासनकालमा धार्मिक अल्पसंख्यकहरूले अफगानिस्तानमा भोगे जस्तो ।
- कम सेवा सुविधा भएका ज्यादै कम विकास पुगेको ग्रामीण क्षेत्रमा गरीबी जीवन बिताइरहेका हुन्छन् ।

वातावरणीय भार/बोझ

वातावरणीय भार भन्नाले हावा, पानी प्रदूषण तथा प्राकृतिक स्रोत साधनउपर न्यून पहुँचलाई जनाउँदछ ।

हावा तथा पानी प्रदूषण शहरी क्षेत्रबाट फैलिई ग्रामीण क्षेत्रतिर पुग्दछन् । दक्षिण एशियाको उच्च जनघनत्वले यो प्रवृत्तिलाई झन् विकराल बनाइरहेको छ । शहरी क्षेत्रको निरन्तर बिस्तारले शहरी प्रदूषणलाई ग्रामीण क्षेत्रतिर धकेलिरहेको छ । हावा तथा पानी प्रदूषणले मूल प्रवाहका समुदायहरूलाई भन्दा सीमान्तकृत समुदायलाई ज्यादै प्रभाव पारिरहेको हुन्छ । यसका मुख्य कारणहरू निम्नानुसार छन्:

- पानी स्वच्छ पार्ने संयन्त्र जडान गर्नको लागि स्रोत साधनको अभावमा सीमान्तकृत समुदायले स्वच्छ पिउने पानी पाउँदैनन् ।
- प्रदूषण फैलाउने उद्योग धन्दा स्थापनाको लागि चाहिने जमीन तुलनात्मक रूपमा सीमान्तकृत क्षेत्रमा सस्तो मूल्यमा पाइने र सीमान्तकृत समुदायको पानी यस्तै जग्गामा पहुँच हुने हुनाले ।
- कम ज्याला पाइने कामहरू विशेष गरी रिक्सा चलाउने तथा अन्य शारीरिक श्रम पर्ने कार्यमा संलग्न हुनाले धेरैजसो समय घर बाहिर हुने र यस्तो कार्य गर्दा वायु प्रदूषणको शिकार भई शारीरिक रूपमा निकै नकारात्मक असर पार्ने गर्दछ ।

वातावरणीय बोझ जल तथा वायु प्रदुषणदेखि प्राकृतिक स्रोत माथिको पहुँच कम हुनेसम्म हुन्छ ।

प्राकृतिक स्रोतको पहुँचमा हुने कठिनाईलाई पनि वातावरणीय बोझको रूपमा लिन सकिन्छ । प्रायजसो सीमान्तकृत तथा ग्रामीण समुदायलाई निम्न कारणले प्राकृतिक स्रोतको पहुँचमा पुग्न असहज भइरहेको हुन्छ:

- वन क्षेत्रको निजीकरण वा राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्र बनाउने सरकारी नीति तथा कार्यक्रमहरू ।
- ऐतिहासिक जग्गा सम्वन्धी विवादहरू धनी वा समुदायका शक्तिशाली वर्गहरुका पक्षमा समाधान हुनु ।

प्राय: सीमान्तकृत समुदाय भूमिहीन हुन्छन् वा उनीहरूसँग थोरै मात्र भूमि हुन्छ । यसका साथै उनीहरूसँग भएको भूमि कम गुणस्तरको हुन्छ। परिणामस्वरूप उनीहरूको

जीविकोपार्जनमा अझ बढी नकारात्मक असर पर्दछ । सीमान्तकृत वर्गलाई सधैं विस्थापित हुने डर रहन्छ । विस्थापन हुने विभिन्न कारणहरू हुन सक्छन्:

- सीमान्तकृत समुदायको भू-भाग डुबानमा पार्ने बाँध बाँध्ने ठूलो परियोजनाहरू ।
- सरकारद्वारा वनजङ्गल क्षेत्र अधिग्रहण गर्ने वा निजीकरण गर्ने ।
- निर्माणका ठूला परियोजनाहरू ।

असमान वातावरणीय भार/बोझ

सीमान्तकृत समुदायलाई वातावरणीय बोझले बढी असर गरिरहेको हुन्छ किनकी:

- मूल प्रवाहको समुदायभन्दा सीमान्तकृत समुदाय बढी विषालु तथा हानीकारक पदार्थको संसर्गमा परेका हुन सक्छन् ।
- एउटै वातावरणीय समस्याले पनि अरुलाई भन्दा सीमान्तकृत समुदायको जीवनमा बढी असर परिरहेको हुन्छ ।

उदाहरणको लागि यदि पानीको अभाव छ भने धनी तथा उच्च वर्गका व्यक्तिहरूले पानी किनेर वा केहि कम पानी प्रयोग गरेर यो समस्याबाट मुक्ति पाउँदछन् । तर ग्रामीण समुदायकी एक महिलाको लागि पानी कम हुनु भनेको पानी लिन अझ टाढा यात्रा गर्नु हो । परिणामस्वरूप एकातिर उनले बढी परिश्रम गर्नु पर्छ भने अर्कोतिर अन्य कामको लागि समय अभाव हुन जान्छ ।

पताञ्जली योञ्जन

नेपालमा महिलाहरु पानी भर्दै

वातावरणीय न्यायको आन्दोलन

वातावरणीय न्याय र यसको मूल अवधारणा शब्दको विकास हुनुभन्दा पनि धेरै समय अघिदेखि विद्यमान थियो । सीमान्तकृत समुदायले अनावश्यक रूपमा धेरै वातावरणीय प्रभावहरू भोग्दै आएको कुरा धेरै वर्ष अघिदेखि प्रकाशमा आएको हो । तथापी वातावरणीय न्याय शब्दको प्रयोग सन् १९८० को दशकको मध्यदेखि मात्र प्रचलनमा आएको देखिन्छ । संयुक्त राज्य अमेरिकामा प्रकाशित एउटा अध्ययन प्रतिवेदनले अल्पसंख्यक समुदायले अन्य समुदायले भन्दा ज्यादै बढी वातावरणीय प्रभाव ब्यहोर्नु परिरहेको छ भन्ने कुरा प्रस्तुत गऱ्यो । अध्ययन अनुसार ९० प्रतिशतभन्दा बढी घातक

वातावरणीय न्यायले वातावरणीय हानीलाई वातावरणीय चासोको दृष्टिले मात्र नहेरी मानव अधिकार र नागरिक अधिकारको पक्षबाट पनि हेर्दछ ।

केटलमेन शहरको मुद्दा

पृष्ठभूमि

सन् १९८० को शुरुतिर केटलमेन शहर, क्यालिफोर्नियाका बासिन्दाले उनीहरूको शहरभन्दा केही माइल पर विषाक्त फोहर थुपारिएको छ भन्ने पत्ता लगाए। केटलमेन शहर किसानहरूको बसोवास भएको सानो शहर हो। त्यहाँ ८० प्रतिशतभन्दा बढी बासिन्दा ल्याटिन अमेरिकी मूलका छन् र उनीहरू मध्ये धेरैजसो स्पेनिश भाषा मात्र बोल्छन्। क्यालिफोर्निया राज्यमा ल्याटिनो समुदाय संख्याको आधारमा अल्पसंख्यक नभए तापनि उनीहरू सीमान्तकृत छन् र अल्पसंख्यक मानिन्छन्।

समुदायको अनुमति वा जानकारीबिना नै त्यस्तो विषाक्त फोहोर सन् १९७० को दशकदेखि नै त्यहाँ थुपार्ने गरिएको थियो। सन् १९८८ मा जब त्यहाँका बासिन्दाले त्यहिं क्षेत्रमा विशाक्त फोहर नाश गर्ने यन्त्र (incinerator) जडान गर्ने योजनाका बारेमा थाहा पाए, तब यो विषयले गम्भिर रूप लियो। चेम वेष्ट (Chem Waste) नामक कम्पनीले त्यस क्षेत्रमा एउटा यन्त्र जडान गर्ने प्रस्ताव गरेको थियो, जसले वार्षिक १०८,००० मेट्रिकटनसम्म विषाक्त फोहर नाश गर्न सक्दथ्यो। यसको मतलव ५,००० ट्रक विषाक्त फोहर र त्यसका अतिरिक्त दैनिक सयौं ट्रक केटलमेन शहर भएर जानुपर्ने हुन्थ्यो।

यहाँ यो कुरा सम्झन जरुरी छ कि यो कुरा शहरबासीले चेम वेष्टका मालिक वा सरकार वा स्थानीय अधिकारी मार्फत् थाहा पाएका थिएनन्। यो कुरा त उनीहरूले ग्रिनपीस नामक एक वातावरणीय गैर-सरकारी संस्था मार्फत् थाहा पाएका थिए।

सामुदायिक कार्य

सो विषयमा स्थानीय समुदाय परिचालित भयो र अन्य सूचनाहरू संकलन गर्न आरम्भ गऱ्यो। समुदायले 'पिपुल्स फर क्लिन एयर एण्ड वाटर' नामक संस्थाको स्थापना गरे र अनुसन्धानको क्रममा एउटा प्रतिवेदन फेला पारे, जसमा सीमान्तकृत समुदायले निश्चय नै ठूलो मात्रामा नकारात्मक वातावरणीय असर व्यहोर्नु पर्ने उल्लेख गरिएको थियो। प्रतिवेदनमा फोहर मैला नाश गर्ने यन्त्र राख्नको लागि निम्न स्थानहरू सुझाएको थियो:

- ग्रामीण समुदाय
- शिक्षाको स्तर कम भएका समुदाय
- गरीब समुदाय
- साना समुदाय

यस्तो सुझाव दिनुको मुख्य कारण यस्ता समुदायले थोरै मात्र विरोध गर्न सक्छन् भन्ने रहेको थियो। यो नै वातावरणीय निर्णय प्रक्रियाको कठोर नीतिको यथार्थ थियो।

कानूनी संघर्ष

क्यालिफोर्निया वातावरणीय ऐन अनुसार कुनै पनि प्रस्तावित आयोजनाले उक्त स्थान वा समुदायमा पार्ने वातावरणीय असरका बारेमा वातावरणीय प्रभाव प्रतिवेदन तयार पार्नुपर्ने बाध्यात्मक व्यवस्था छ। यदि वातावरणमा नकारात्मक असर पर्ने देखिन आएमा त्यसको विकल्प प्रस्तुत गर्नु पर्ने वा नकारात्मक असर कम गर्ने उपाय अवलम्बन गर्नु पर्ने व्यवस्था छ।

विषाक्त फोहर नाश गर्ने यन्त्र स्थापना गर्ने बारेको वातावरणीय प्रभाव प्रतिवेदन १,००० पृष्ठको थियो र यो ज्यादै प्राविधिक हुनुको साथै अंग्रेजी भाषामा मात्र तयार पारिएको थियो। समुदायबाट ठूलो दवाव परेपछि चेम वेष्ट कम्पनीले मुस्किलले ५ पृष्ठको सार संक्षेप स्पेनिश भाषामा तयार पारिदियो।

उक्त यन्त्र जडान गर्ने प्रस्तावका विषयमा त्यहाँको योजना आयोगले एउटा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गऱ्यो। आफ्ना भनाईहरू राख्नका लागि केटलमेन शहरका करीव २०० बासिन्दाले उक्त कार्यक्रममा भाग लिए। उनीहरूले दोभाषेसमेत आफैले व्यवस्था गरे तर आयोगका पदाधिकारीहरूले दोभाषेको प्रयोग गर्न नपाइने बताएर उनीहरूलाई आफ्नो कुरा भन्नबाट रोक्न खोजे तर उनीहरूले स्पेनिश भाषामा नै आफ्ना भनाई राखे। योजना आयोगले फोहर मैला नाश गर्ने यन्त्र स्थापना गर्ने योजनालाई स्विकृती दियो। शहरबासीहरूले पुनरावेदन गरे तर सफल भएनन्।

त्यहाँको काउन्टीले चेम वेष्ट कम्पनीबाट वार्षिक ७० लाख डलर राजश्व प्राप्त गरिरहेको थियो भने सो यन्त्र जडान गरेपछि यो रकम दोब्बर हुन जान्थ्यो। उक्त यन्त्र जडान गरिसकेपछि काउन्टीले आफ्नो जम्मा राजस्व आम्दानीको करीब ६ भागको १ भाग उक्त एउटा कम्पनीबाट मात्रै आर्जन गर्दथ्यो।

अन्तमा, शहरबासीहरूले क्यालिफोर्निया वातावरणीय ऐन अनुसार अदालतमा मुद्दा दायर गरे जसमा उनीहरूले वातावरणीय प्रभावको बारेमा राम्रो विश्लेषण नगरिएको दाबी गरे। यो मुद्दा सफल भयो।

न्यायाधीशले उक्त वातावरणीय प्रभाव प्रतिवेदनले विषाक्त फोहरमैला नाशक यन्त्रका कारण उक्त क्षेत्रको वायु तथा कृषिमा पर्न जाने नकारात्मक असरका बारेमा आवश्यक विश्लेषण नगरिएको कुरा आदेश गऱ्यो। त्यसैगरी न्यायाधीशले केटलमेन शहरी क्षेत्रका बासिन्दालाई उक्त इजाजत दिने प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी नगराइएको कुरा समेत उल्लेख गरे। तत् पश्चात् सेप्टेम्वर १८८३ मा चेम वेष्टले आफ्नो निवेदन नै फिर्ता लियो।

रणनीति तथा साधनहरू

केटलमेन सिटी मुद्दाले वातावरणीय न्यायका धेरै महत्वपूर्ण रणनीतिहरूलाई उजागर गरेको छ।

१. **समुदाय परिचालन**
केटलमेन सिटी मुद्दाले समुदाय परिचालित भएमा प्राप्त हुने शक्ति प्रदर्शन गर्छ। केटलमेन सिटीका बहुसंख्यक बासिन्दा ल्याटिनो थिए र उनीहरूमध्ये धेरैले अंग्रेजी बोल्न सक्दैनथे तर पनि उनीहरूले पर्याप्त सहयोग परिचालन गर्न र एउटा ठूलो कम्पनीलाई समुदायबाट बाहिऱ्याउन सफल भए।

२. **वातावरणीय कानूनको प्रभावकारी प्रयोग**
चेम वेष्ट कम्पनीलाई विषाक्त फोहर नाशक यन्त्र जडानबाट रोक्ने कार्यमा सामुदायिक संस्थाको भूमिका महत्वपूर्ण थियो। यस संस्थाले जनताको तर्फबाट उक्त कम्पनीका सम्पूर्ण क्रियाकलाप ध्यानपूर्वक हेरिरहेको थियो। यसैको माध्यमबाटनै वातावरणीय प्रभाव प्रतिवेदनमा भएका कमीकमजोरीहरू पत्ता लगाई वातावरणीय कानूनको उचित प्रयोग गर्दै उनीहरूको मुद्दा अदालतमा लगिएको थियो।

३ **कानूनबाहेकका अन्य उपायहरूको प्रभावकारी प्रयोग**
कानूनी रूपले जनताको पक्षमा फैसला भएता पनि कानूनीबाहेक अन्य उपायहरूको अवलम्बनबिना उक्त संघर्ष सफल हुने थिएन। ग्रीनपिस नामक संस्थाको सहयोगमा चेम वेष्टको विरुद्धमा संचार अभियान (media campaign) शुरु गरियो। नागरिक समूहहरू, गैर-सरकारी संस्था तथा संचार माध्यमबाट विविध गतिविधि संचालन गरियो। फलस्वरूप यी सबैको संयुक्त प्रयासले चेम वेस्टको विषाक्त नाशक परियोजना असफल भयो।

४. **नागरिक अधिकार र वातावरणीय अधिकारको अन्तर्सम्बन्ध**
चेम वेष्टले वातावरणीय प्रभाव प्रतिवेदनउपर उचित ध्यान मात्र नदिएको होइन, यसले निर्णय प्रक्रियामा जनताको प्रभावकारी सहभागिताको अवसरसमेत प्रदान गरेन। जसले गर्दा दुई वटा कानूनहरूको उल्लंघन भयो:
- क्यालिफोर्नियाली वातावरण ऐनअनुसार वातावरणीय कानून जसको आधारमा वातावरणीय प्रभाव प्रतिवेदन तयार गरिन्छ।
- जनसहभागिताको अधिकार।

प्रथमत: यो शुद्ध वातावरणीय चासोको विषय हो। दोस्रो, यो शुद्ध रूपमा नागरिक अधिकार–प्रभावकारी सहभागिताको अधिकार हो। केटलमेन शहरका बासिन्दाले यसरी वातावरणीय र नागरिक अधिकार दुबैको प्रभावकारी प्रयोग गर्दै आफ्नो समुदायमा विषाक्त फोहर नाशक यन्त्र जडान गर्नबाट रोके।

फोहोर मैला उत्पादन गर्ने उद्योगहरू काला समुदाय बसोवास क्षेत्रको वरिपरि भएको पाइयो । अन्य अध्ययनहरूले पनि त्यस्ता उद्योगधन्दा ती स्थानमा स्थापना गरिनुको प्रमुख कारण जातियता नै भएको पत्ता लाग्यो । खासगरी अफ्रिकन अमेरिकी र हिस्पानिक अमेरिकी समुदाय बसोबास गर्ने क्षेत्रमा नै त्यस्ता घातक फोहर मैला उत्पादन गर्ने उद्योग स्थापना गर्ने ठाउँ प्रायः छनौट हुने गरेको पाइयो । यस्तो तथ्य प्रकाशमा आएपछि एउटा आन्दोलनको शुरुवात् भयो, जसलाई वातावरणीय न्यायको आन्दोलन भनेर चिनिन्छ ।

वातावरणीय न्यायको त्यस्तो आन्दोलन अन्य आन्दोलनहरु भन्दा फरक छ किनभने यसले वातावरणीय हानीलाई वातावरणीय चासोको दृष्टिले मात्र नहेरी मानव अधिकार र नागरिक अधिकारको पक्षबाट पनि हेर्दछ । स्वच्छ हावा, पानी र स्तरीय जीवन यापनको अधिकार केवल वातावरणीय चासो मात्र नभई नागरिकको आधारभूत अधिकारको विषय हो भनी वातावरणीय न्यायको अवधारणाले स्वीकार गर्दछ ।

वातावरणीय न्यायमा मानव अधिकारको अवधारणा समावेश गर्नाले यो आन्दोलनमा अझ बढी कानूनी साधनहरूको प्रयोग गर्न सकिन्छ । वातावरणीय कानूनको प्रयोग वातावरण संरक्षणको निमित्त मात्र नभई नागरिक अधिकारसम्बन्धी कानूनहरूको रक्षा गर्न पनि यसले मद्दत गर्छ ।

संयुक्त राज्य अमेरिकाका वातावरणीय न्यायका हिमायतीहरूले वातावरण र नागरिक अधिकारको अवधारणालाई एकै ठाउँमा मात्र ल्याएनन् उनीहरूले नयाँ अवधारणाको पनि विकास गरे जसअनुसार कानूनी लडाईमात्र लड्नुको सट्टा निर्णय गर्ने प्रक्रियामा समुदायको प्रभावकारी सहभागिताका निम्ति क्षमता अभिवृद्धि गर्नु पर्ने मान्यता अघि सारे । कानूनी पक्ष निर्णय गर्न अपनाइने विभिन्न पक्षहरूमध्येको एउटा पक्ष मात्र हो ।

दक्षिण एशियामा वातावरणीय न्याय

दक्षिण एशियामा वातावरणीय न्यायको प्रमुख लक्ष्य अझै पनि सीमान्तकृत समुदायमाथि असमानुपातिक किसिमले थोपरिएको वातावरणीय बोझलाई अन्त्य गर्नु नै रहेको छ । तर पनि दक्षिण एशियाको परिप्रेक्ष्यमा केही भिन्न सवालहरूमा समेत जोड दिन जरुरी छः

- दक्षिण एशियामा सीमान्तकरण हुने विभिन्न कारणहरूमध्ये धर्म, वर्ग र जातियता जस्ता धेरै पक्षहरू पनि छन् । संयुक्त राज्य अमेरिकामा यो सवाल पूर्णत रंग र गरीबीमा निर्भर गर्छ ।
- दक्षिण एशियामा वातावरणीय सवालको सन्दर्भमा मानिसहरूको प्राकृतिक स्रोत-साधन र भूमि माथिको पहुँच र प्राकृतिक स्रोत तथा साधनबाट प्राप्त हुने लाभको समान बाँडफाँड र शहरी प्रदूषण लगायतका विषयवस्तु समाविष्ट हुन्छन् ।

वातावरणीय हानीका विरुद्ध मानव अधिकारको संरक्षणको प्रयोगमा दिइने जोड उस्तै हुन्छ । मानव अधिकारमा दिइएको जोडको कारण कतिपय दक्षिण एशियाली राष्ट्रका अदालतहरूले सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई बाँच्न पाउने मौलिक हकको रूपमा लिएका छन् ।

दक्षिण एशियामा धेरै कारणहरु छन् जसबाट मानिसहरु सीमान्तकृत हुँदैछन् । स्रोत माथिको पहुँच नहुनु वातावरणीय मुद्दाको अहम् क्षेत्र हो ।

आदिवासी संघर्ष

पृष्ठभूमि

भारतको एउटा राज्य आन्ध्र प्रदेशमा करीव १००,००० आदिवासी जनजातिको जनसंख्या रहेको छ यो कूल जनसंख्याको करीव २ प्रतिशत हुन्छ। भारतमा कूल जनसंख्याको १० प्रतिशत आदिवासी जनसंख्या रहेको अनुमान गरिएको छ। आन्ध्र प्रदेशका आदिवासी जनजाति जीविकोपार्जनको लागि खेती तथा काठ-दाउरा संकलनमा निर्भर छन्।

आदिवासी अधिकार

विभिन्न कानूनले आदिवासीहरूलाई भूमिको स्वामित्वसम्बन्धी अधिकार प्रदान गरेका छन्:

- भारतको संविधानको अनुसूची ५ ले आदिवासी जनजातिको स्वामित्वमा रहेको जग्गा वा अन्य अचल सम्पत्ति आदिवासीबाहेक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न प्रतिबन्ध गरेको छ।
- अनुसूचीत क्षेत्र भूमि हस्तान्तरण नियमक ऐन, १८५८ ले अनुसूचीत क्षेत्रमा आदिवासीको स्वामित्वमा रहेका जग्गा वा अन्य अचल सम्पत्ति गैर-आदिवासीलाई हस्तान्तरण गरेमा स्वत: बदर हुने व्यवस्था गरेको छ।
- अझ क्षेत्रीय रूपमा हेर्दा, आन्ध्र प्रदेश अनुसूचीत क्षेत्र भूमि हस्तान्तरण नियामक (संशोधन) ऐन १८७० को दफा १ ले अनुसूचीत क्षेत्रमा आदिवासीको स्वामित्वमा रहेको जग्गा गैर-आदिवासीमा हस्तान्तरण गर्न प्रतिबन्ध गरेको छ।

दशकौंदेखि आदिवासीहरू विस्थापित भइरहेका छन्: सन् १८५० र १८७० को दशकमा ठूलो जलाशय र जलविद्युत परियोजना जस्ता बहुउद्देश्यीय आयोजना, सन् १८८० को दशकमा खनिजजन्य आयोजनाहरू, कागज, काठजन्य उत्पादन र १८९० को दशकदेखि बहुराष्ट्रिय कम्पनीहरूले ठूलो मात्रामा आदिवासीहरूको जग्गा, वन क्षेत्र र प्राकृतिक स्रोतहरू प्रयोग गरे। सरकारी नीति पनि औद्योगिकीकरण खासगरी उर्जा र खानीजन्य उद्योगहरूको लागि निजी क्षेत्रतिर उन्मूख रह्यो।

भारतमा रहेका प्रायजसो खनिज भण्डारहरू आदिवासी र वन क्षेत्रमा फेला परेका छन्। भारतमा लगभग ८० प्रतिशत कोईलाखानी आदिवासी क्षेत्रमा छन्। करीब २० लाख बासिन्दाहरूमध्ये ७० प्रतिशत आदिवासी छन् र उनीहरू यस्ता खानीको परियोजनाको कारणले विस्थापित भएका छन्। खानीको कारण आदिवासी वस्तीहरू उजाडिएका छन्। आदिवासी समुदाय विस्थापित हुनुको अन्य कारणहरू निम्नानुसार छन्:

- स्रोत र सामुहिक सम्पत्ति माथिको नियन्त्रण गुम्नु
- स्थानीय समुदायमा भूमि माथि बढ्दो दवाव
- स्थानीय समुदायले आर्थिक लाभ नपाउनु
- खाद्य सुरक्षाको र घरेलु सामानको अभाव
- आदिवासी महिलाहरूको अवस्था र स्वास्थ्यमा गिरावट
- राजनीतिक अशान्ति
- वातावरणीय विनाश

भिसाग जिल्लामा जग्गा फिर्ता गर्नको लागि भएको संघर्ष

जब सन् १८७० को दशकमा सरकारले १४ वटा गाँउका आदिवासी बासिन्दाहरूलाई उनीहरूको जग्गाको स्वामित्वको धनी प्रमाण पूर्जा दिन अस्विकार गर्‍यो र उक्त जग्गा गैर-आदिवासी र निजी कम्पनीहरूलाई खानी उत्खनन्को लागि दिईयो तब भिसाग जिल्लामा आदिवासीहरूको संघर्षको शुरुवात् भयो। अनुसूचीत क्षेत्र भूमि हस्तान्तरण नियामक ऐन १८५८ बमोजिम उक्त कार्य गैर-कानूनी थियो।

जग्गाको स्वामित्व प्राप्त गर्न २ दशकसम्म आदिवासीहरूले सरकार समक्ष अनुरोध गरे तर सफल भएनन्। अन्तमा उनीहरूले समता (SAMATA) नामक एउटा सानो स्वयंसेवक सामाजिक समूह (Social Action Group) को सहयोग प्राप्त गरे। समताले उनीहरूको तर्फबाट सफलतापूर्वक जनहित सरोकारको मुद्दा दायर गर्‍यो। सरकार

नि व्यक्ति हो र ऊ गैर-आदिवासी हो र उसलाई आदिवासीको भूमि गैर-आदिवासीलाई हस्तान्तरण गर्ने अधिकार छैन भन्ने आधारमा उक्त मुद्दा दायर गरिएको थियो ।

न्यायिक सफलताको परिणामस्वरूप आदिवासीहरूले साहस प्राप्त गरे र भूमि अधिकारको माग गर्न उनीहरू संगठित बने । अढाई वर्ष उच्च न्यायालय र दुई वर्ष सर्वोच्च अदालतमा कानूनी लडाई लडेपछि सन् १८८७ जुलाईमा सर्वोच्च अदालतले एउटा ऐतिहासिक फैसला गऱ्यो ।

सन् १९९७ को समता फैसला

सर्वोच्च अदालतले निम्न बमोजिमको आदेश गऱ्यो:

- संविधानको ७३ औं संशोधन ऐन र आन्ध्र प्रदेश पंचायत राज (अनुसूची क्षेत्रमा विस्तार) ऐनअन्तर्गत स्थानीय निकायलाई स्वशासित संस्थाको रूपमा कार्य गर्ने अधिकार प्रदान गरेको कुरालाई अदालतले मान्यता प्रदान गऱ्यो ।
- अदालतले सरकारी जग्गा, वन क्षेत्र र अनुसूचीत क्षेत्रको आदिवासीको जग्गा ग-आदिवासी लगायत खानी उद्योगहरूलाई भाडामा दिन नसक्ने आदेश गऱ्यो ।
- अदालतले जग्गाको हस्तान्तरणलाई प्रतिबन्ध लगायो ।
- अदालतले आदिवासीलाई स्वशासन दिनुपर्ने आवश्यकतामाथि जोड दियो ।
- अदालतले कम्पनीको खुद नाफाको कम्तीमा २० प्रतिशत रकम एउटा स्थायी कोष स्थापना गरी छुट्टै राख्ने आदेश दियो । उक्त रकमबाट त्यस क्षेत्रको पानीको स्रोत, विद्यालय, अस्पताल, यातायात, स्वास्थ्य सुविधा आदिको लागि खर्च गर्नु पर्नेसमेत आदेश दियो तर सो २० प्रतिशतबाट वृक्षारोपण तथा पर्यावरणीय सन्तुलनको लागि गर्नु नपर्ने आदेश गऱ्यो ।

कानूनी संघर्ष चलिरहँदा त्यो क्षेत्रका सम्पूर्ण खानी उत्खनन् कार्य ठप्प रहे । अन्तमा कम्पनीले प्रति एकड सिमसार जमीनको रु. १,५००/- दिने गरेकोमा अबदेखि क्षतिपूर्तिस्वरूप प्रति एकड रु. १५ लाख दिने प्रस्ताव गऱ्यो । आन्ध्र प्रदेश राज्य सरकार र केन्द्र सरकारले समता आदेशमा सुधार गर्ने मागसहित अदालतमा दायर गरेको संयुक्त निवेदन खारेज गरियो । अदालतको पहिलेको फैसला नै कायम भयो ।

रणनीति र साधनहरू

वातावरणीय न्यायले बहुपक्षगत अवधारणा बोकेको हुन्छ। यसले सञ्चार माध्यम, सामुदायिक संगठन, गैर-सरकारी संस्था र सो सम्बन्धमा चासो राख्ने अन्य व्यक्ति तथा समुदायलाई समेट्नु पर्दछ। यी सम्पूर्ण कार्य एक्लाएक्लै गर्नुभन्दा सामूहिक रूपमा गर्दा बढी प्रभावकारी र उपलब्धि हासिल गर्न सकिन्छ। समता मुद्दामा निम्न रणनीति र साधनहरू समावेश रहेको पाइन्छ:

१. **समुदाय परिचालन**
जब समताले अदालतमा सार्वजनिक सरोकारको मुद्दा दायर गऱ्यो तब समुदायले आफ्नै अग्रसरतामा विरोध ऱ्यालीजस्ता कार्यक्रमहरू आयोजना गऱ्यो। यस्ता विरोध कार्यक्रमले समुदायमा केही मात्रामा आत्मविश्वास उब्जिएको संकेत दिन्छ। ऐतिहासिक कालदेखि नै चर्को दमन खेप्दै आएका समुदायका लागि विरोध प्रदर्शन गर्ने आत्मविश्वास जागृत हुनु पनि ठूलो उपलब्धि हो।

२. **संवैधानिक प्रावधानहरूको प्रभावकारी प्रयोग**
समता रिट निवेदनमा खानीको ठेक्का बदर गराउनको लागि २ वटा सम्वैधानिक प्रावधानहरूको सफल प्रयोग गरिएको थियो। संविधानको पाँचौं अनुसूचीमा यी प्रावधानहरू उल्लेख गरिएका छन्: यस प्रावधानअनुसार आदिवासीको जग्गा गैर-आदिवासीलाई हस्तान्तरण गर्न प्रतिबन्ध लगाएको छ र संविधानको धारा २१ जसले बाँच्न पाउने हक प्रत्याभूत गरेको छ।

३. **कानूनीबाहेकका अन्य उपायहरूको प्रभावकारी प्रयोग**
आन्ध्र प्रदेशको आदिवासी संघर्षमा सञ्चार माध्यम र सामुदायिक संगठनहरूको सञ्जाललाई सरकार र खानी उद्योगहरूको विरुद्धमा व्यापक रूपमा प्रयोग गरियो। आदिवासीको भन्दा सरकार र खानी उद्योगहरूको कानूनी र वित्तीय स्रोतमा पहुँच बढी थियो तर पनि कानूनी बाहेक अन्य उपायहरू (आन्दोलन र अभियान, संजाल निर्माण, वैज्ञानिक तथा प्राज्ञिक समुदायसँगको सम्बन्ध, सञ्चार माध्यमहरूको प्रयोग, सरकारसँगको संवाद र कानूनी कारवाही र वकालत) को प्रयोगले सामुदायिक समूहहरूलाई उनीहरूको संघर्षमा साथ दियो।

४. **वातावरणीय अधिकार र नागरिक अधिकारको अन्तर्सम्बन्ध**
बाँच्न पाउने हक भन्नाले केवल बाँच्न वा जनावरको जस्तो जीवन जिउन मात्र नभई यसभन्दा केही फरक हुन्छ भनी अदालतले व्याख्या गरेको थियो। बाँच्न पाउने हक भन्नाले भरणपोषण र बसोबासको अधिकार एवम् न्यूनत्तम मानव मर्यादासहितको जीवन हो। त्यसकारणले आदिवासीहरूको सामाजिक तथा आर्थिक सशक्तिकरण उनीहरूको मौलिक हक हो। त्यसैले अनुसूचीत क्षेत्रको जग्गा आदिवासीहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि संरक्षित गरिएको हुन्छ। वातावरणीय अधिकारको प्रत्यक्ष रूपमा उल्लेख नगरी मानव अधिकारका प्रावधान र संवैधानिक प्रावधानको समिश्रणबाट वातावरणीय अधिकार निसृत गरेका छन्। मानव अधिकार र वातावरणीय अधिकारको यो अन्तर्सम्बन्ध नै वातावरणीय न्यायको लागि महत्वपूर्ण आधार हो।

परिच्छेद २: कानूनी उपचारको बाटो वा कानूनी संयन्त्रहरू

यस परिच्छेदमा

- कानूनी संयन्त्रको परिभाषा
- वातावरणीय न्यायका पाँच संयन्त्रहरु

परिभाषा

हक अधिकारको प्रचलन र संरक्षणमा कानूनी व्यवस्थाहरूको प्रमुख भूमिका रहन्छ। तर यस्ता व्यवस्थाहरू प्रायः ज्यादै जटिल, लामो समय लाग्ने र महँगा हुन्छन् भनी आलोचित पनि भएका छन्। वातावरणीय न्यायको सन्दर्भमा पनि कानूनी व्यवस्था यस्तै रहेको पाइन्छ। वातावरणीय न्यायसम्बन्धी मुद्दामा अझ बढी जटिलताहरू छन् किनभने:

- प्रायजसो वातारणीय न्यायसँग सम्बन्धित मुद्दाहरू निकै संवेदनशील विषयहरू जस्तै: भूमिमा सीमान्तकृत वर्गको अधिकार आदिजस्ता विषयमा केन्द्रित हुन्छन्।
- न्यायिक प्रक्रियामा हुने ढिलाईले वातावरण संरक्षणमा नकारात्मक असर पार्दछ, किनकि समय बित्दै जाँदा वातावरण, समुदाय वा जनस्वास्थ्यमा थप नोक्सानी भइरहेको हुन्छ जुन नोक्सानी प्रायः पूर्ति गर्न नसकिने प्रकृतिको हुन्छ।

वातावरणीय न्यायका हिमायतीहरूको विशेष जोड व्यक्तिको कानूनी व्यवस्थाहरू र कानून निर्माण प्रक्रियामा पहुँच हुनु रहेको हुन्छ। कानूनी व्यवस्था तथा कानूनमा पहुँच पुऱ्याउने तरिकालाई कानूनी संयन्त्र भनिन्छ। कानूनी व्यवस्थामा व्यक्तिको पहुँचको स्तर कानूनी संयन्त्रहरू प्रशस्त छन् वा कमी छ भन्ने कुराले निर्धारण गर्दछ।

जुन मार्गबाट कानूनी उपचारमा पुगिन्छ, त्यस प्रक्रियालाई कानूनी उपचारको बाटो भनिन्छ।

कानूनी संयन्त्रलाई २ भागमा वर्गीकरण गर्न सकिन्छ:

१. कानून निर्माणको प्रक्रियामा पहुँचको संयन्त्र
   - प्रशासकीय पुनरावलोकन (उदाहरणको लागि कुनै तटस्थ पक्षबाट प्रशासकीय कार्यको पुनरावलोकन)

२. कानून लागू हुने प्रक्रियामा पहुँचको संयन्त्र
   - निर्माण भइसकेका कानूनको प्रभावकारी कार्यान्वयनको लागि गरिने मुद्दा मामिला र मौलिक हकको रक्षार्थ दायर गरिने सार्वजनिक सरोकारका मुद्दा

न्यायपालिका जतिसुकै सक्रीय भएता पनि कानूनी प्रक्रियामा जनताको पहुँच छैन भने त्यो केवल अर्थहिन साधन बन्न पुग्छन्। तसर्थ कानूनी संयन्त्रहरू ज्यादै महत्वपूर्ण हुन्छन्।

वातावरणीय न्यायमा पहुँचका लागि सामान्यत: पाँचवटा कानूनी संयन्त्रहरू प्रचलनमा छन्:

१. वास्तविक कानूनी उपचारहरू
२. कानूनी परामर्शका कार्यविधिहरू
३. प्रशासकीय पुनरावलोकन
४. कानूनी प्रणालीको रक्षात्मक प्रयोग
५. विवाद समाधानका वैकल्पिक उपाय

वास्तविक कानूनी उपचारहरू

वास्तविक कानूनी उपचार हरु त्यस्ता उपचार हुन् जो ऐन र नियमहरुको आधारमा प्रदान गरिन्छ ।

वास्तविक कानूनी उपचारहरू त्यस्ता उपचार हुन् जो ऐन र नियमहरूको आधारमा प्रदान गरिन्छ । कानूनले प्रत्याभूत गरेको हक अधिकार प्रचलनको लागि कुनै पनि समय प्रयोग गरिने कानूनी प्रक्रिया यसको उदाहरण हो ।

उदाहरणको लागि धेरैजसो वातावरणीय संरक्षणसम्बन्धी कानूनहरूले यसको उल्लंघनमा दण्ड जरिवानाको व्यवस्था गरेको हुन्छ । त्यस्तो दण्ड जरिवानासम्बन्धी कानूनी प्रावधानको प्रचलनको लागि वा सो दण्ड जरिवाना प्राप्त गर्न अदालतमा जानु वास्तविक कानूनी उपचारको उदाहरण हो ।

सार्वजनिक सरोकारका मुद्दा पनि वास्तविक कानूनी उपचार अन्तर्गत पर्दछन् । सार्वजनिक सरोकारका मुद्दाको विषयमा अनुसूची २ मा विस्तृत चर्चा गरिएको छ । छोटकरीमा भन्दा सार्वजनिक सरोकारका मुद्दा यस्तो कानूनी कार्य हो जसमा व्यक्तिलाई अदालतमा जानको लागि केही कार्यविधिगत नियमहरू खुकुलो पारिएको हुन्छ । सार्वजनिक सरोकारका रिट निवेदनहरू केवल समाजको हितको सवालहरूमा मात्र दायर गर्न सकिन्छ । जस्तो वातावरणीय संरक्षण वा मौलिक अधिकार संरक्षणको निम्ति । सार्वजनिक सरोकारका मुद्दाबाहेक पनि केही वातावरणीय कानूनहरूमा उक्त कानूनको प्रभावकारी प्रचलनको लागि नागरिकले मुद्दा दायर गर्न सक्ने प्रावधान हुन्छ । यस्तो कानूनी प्रावधानको प्रयोग गर्दै नागरिकले राज्यलाई आफ्नो कर्तव्य पूरा गर्न बाध्य पार्नको लागि अदालतमा मुद्दा दायर गर्न सक्दछ ।

सार्वजनिक सरोकारका मुद्दा सक्षम अदालत वा न्यायाधीशसमक्ष दायर गरिनु नै यसको एउटा फाईदा हो किनभने यसले अरु सामान्य मुद्दा मामिलामा जस्तो कठोर र झर्को लाग्दो कार्यविधिगत नियमहरूबाट गुज्रनु पर्दैन । तर पनि धेरैजसो देशका न्यायालयमा रहेको मुद्दाहरूको चापको कारण सार्वजनिक सरोकारका मुद्दाको सुनुवाईमा पनि बर्षौं लाग्न सक्दछ । सार्वजनिक सरोकारका मुद्दामा असफलता नै ब्यहोर्नु परेता पनि यसलाई वातावरणीय न्यायका सवालमा समुदायको सहयोग र समर्थन परिचालन गर्ने साधनको रूपमा प्रयोग गर्न सकिन्छ ।

कानूनी परामर्शका प्रक्रियाहरू

कानूनी परामर्शको प्रक्रिया भन्नाले कानूनले तोकेबमोजिम समुदायसँग गरिने छलफल, परामर्शलाई जनाउँदछ ।

उदाहरणको लागि विभिन्न विकास निर्माणसँग सम्बन्धित कानूनहरूमा राखिने समुदायसँग गरिने कुनै पनि प्रकारको परामर्श यस अन्तर्गत पर्दछ ।

विभिन्न कानूनले कुनै पनि निर्माण आयोजनाको स्वीकृतीको लागि वा निर्माण कार्य शुरु गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधान राखेका हुन्छन् । यो मूल्याङ्कनको क्रममा विकास आयोजनाको बारेमा जानकारी दिन र यसबाट पर्ने वातावरणीय प्रभाव र त्यसलाई कम गर्ने उपायहरूका बारेमा सम्बन्धित समुदायसँग परामर्श गर्नुपर्दछ । यो प्रक्रिया नै कानूनी परामर्श प्रक्रियाको उदाहरण हो ।

प्रशासकीय पुनरावलोकन

प्रशासकीय पुनरावलोकन भन्नाले सरकार वा त्यसको अंग वा प्रतिनिधिले गर्ने प्रशासकीय कार्य वा निर्णयको कुनै तटस्थ पक्षबाट गरिने पुनरावलोकन हो । प्रशासकीय पुनरावलोकनले सरकारको सार्वजनिक जवाफदेहीतामा सुधार ल्याउँदछ । प्रशासकीय पुनरावलोकनका मुख्य २ वटा फाईदाहरू छन्:

- यसले नागरिकलाई आफूसँग सम्बन्धित वा आफूलाई असर पार्ने सरकारी निर्णयको आधिकारिकता र यसको फाईदा बेफाईदाको निगरानी गर्न सक्षम बनाउँदछ ।
- यो सरकारको निर्णय प्रक्रियामा रहेको जवाफदेहीताको मापन हो ।

परम्परागत रूपमा हेर्दा न्यायालयको एउटा महत्वपूर्ण कार्य सरकार वा सरकारी निकायको काम कारवाही कानूनबमोजिमका छन् कि छैनन् भनी यकिन गर्नु हो ।

उदाहरणका लागि: यदि सामुदायिक वनलाई असर पार्ने कुनै निर्णय वन विभागले गरेको छ भने त्यसबाट असर पर्ने समुदायले वन विभागको निर्णय प्रचलित ऐन नियम बमोजिम छ कि छैन भनी अदालतमा पुनरावलोकनको लागि निवेदन दिन सक्दछन् । यदि न्यायालयले उक्त निर्णय वा कार्य कानूनबमोजिम छैन भनी निर्णय गरेमा वन विभाग त्यस्तो निर्णय फिर्ता लिन बाध्य हुन्छ ।

यो वास्तविक कानूनी उपचारभन्दा फरक छ किनकी यसमा हक अधिकारको प्रश्न उठाइएको हुँदैन । यसमा केवल निर्णयबाट प्रभावित समुदायले प्रशासकीय निर्णय वा निर्णय प्रक्रियाको आधिकारिकताका सम्बन्धमा पुनरावलोकन गर्न अदालत समक्ष माग गरिन्छ । यसमा कुनै हक अधिकारको संरक्षण गर्न वा नयाँ हक अधिकार सृजना गर्ने माग गरिएको हुँदैन ।

नागरिकले अधिकारको प्रचलनको माग गर्नुको सट्टा कुनै निर्णय वा नितीलाई रोक्नका लागि प्रयोग गरिने कानूनी प्रणालीलाई रक्षात्मक प्रयोग भनिन्छ ।

कानून प्रणालीको रक्षात्मक प्रयोग

यदि कुनै नागरिकले अधिकारको प्रचलनको माग गर्नुको सट्टा कुनै निर्णय वा नीतिलाई रोक्नको लागि कानून प्रणालीको प्रयोग गर्दछ भने त्यसलाई कानून प्रणालीको रक्षात्मक प्रयोग भनिन्छ । सारमा भन्दा सरकारको कुनै नीति वा निर्णयबाट नागरिकको रक्षा गर्न यो प्रक्रिया अवलम्वन गरिन्छ । सामान्यत: नागरिकको हक अधिकारको रक्षा वा प्रचलनको लागि अदालतको प्रयोग गरिन्छ । कानून प्रणालीको रक्षात्मक प्रयोग गर्दा सरकारलाई कुनै नीति वा नियम ल्याउनबाट रोक्नको लागि अदालत प्रवेश गरिन्छ । त्यसैगरी कुनै व्यक्ति वा संस्थाको कार्यबाट आफ्नो नागरिक अधिकारको

हनन् हुन जाने आशंका भएमा पनि त्यस्तो हक अधिकार हनन् हुनबाट रोक्नको लागि पनि कानून प्रणालीको रक्षात्मक प्रयोग गरिन्छ ।

उदाहरणको लागि: यदि सरकारले प्राकृतिक स्रोतको उपयोगको विषयमा द्वन्द भईरहेको कुनै निश्चित क्षेत्रमा गैर-सरकारी संस्थाले कुनै पनि किसिमको क्रियाकलाप गर्न नपाउने नियम पारित गर्न लागेमा यसबाट प्रभावित नागरिकहरूले यस्तो नीति नियम रोक्नको लागि अदालतमा निवेदन दिन सक्दछन् । यस्तो अवस्थामा अदालतसमक्ष सरकारको कामको विरुद्ध नागरिक र गैर-सरकारी संस्थाको रक्षाको माग गरिन्छ ।

वैकल्पिक विवाद समाधान

अदालतबाहेक पनि विवाद समाधान गर्ने अन्य उपायहरू हुन्छन् जसलाई वैकल्पिक विवाद समाधान भनिन्छ । वैकल्पिक विवाद समाधानको प्रक्रियामा सामान्यत: विवादका पक्षहरू कुनै तटस्थ मध्यस्थले गरेको निर्णय आफूहरू मान्न तयार हुन्छन् । तटस्थ मध्यस्थ भन्नाले त्यस्तो व्यक्ति वा व्यक्तिहरू हुन् जो समक्ष आफ्नो विवाद प्रस्तुत गर्न विवादका पक्षहरू सहमत हुन्छन् । विवादका पक्षहरूको कुरा सुनिसके पश्चात् कानूनका मान्य सिद्धान्तका आधारमा मध्यस्थताले गरेको निर्णय मान्न विवादका पक्षहरू बाध्य हुन्छन् ।

एकपटक वैकल्पिक विवाद समाधानको प्रक्रिया स्वीकारीसकेपछि मध्यस्थको निर्णय मान्न विवादका पक्षहरू बाध्य हुन्छन् र मध्यस्थकर्ताको कामकारवाही अत्यन्तै बेठीक देखिएको अवस्थामा बाहेक त्यस्तो निर्णयउपर पुनरावेदन गर्न सकिदैन । विवाद समाधान ज्यादै छिटो छरितो तरिकाबाट हुनु नै वैकल्पिक विवाद समाधानको फाईदा हो । त्यसो भएता पनि पुनरावेदन गर्ने कुनै व्यवस्था नहुनु यसको नराम्रो पक्ष वा ठूलो जोखिम हो ।

उदाहरणका लागि यदि कुनै दुई परिवार कुनै एउटा जग्गाको स्वामित्वको विषयमा विवाद गरिरहेका छन् भने उनीहरूले आफ्नो विवाद अदालत नगई मध्यस्थमार्फत् समाधान गर्ने कुरामा सहमत हुन सक्दछन् । मध्यस्थ कुनै न्यायिक पदाधिकारी नै हुनुपर्दछ भन्ने छैन । विवादका पक्षहरूले कुनै सामुदायिक नेता वा पाको व्यक्तिलाई मध्यस्थ नियुक्त गरी उसले गरेको निर्णय मान्न सक्दछन् ।

तालिका – १ कानूनी संयन्त्रहरू

कानूनी संयन्त्र	प्रयोग	फाईदा	बेफाईदा
वास्तविक कानूनी उपचारहरू (जस्तै: सार्वजनिक सरोकारका मुद्दा)	कानूनले प्रदान गरेको अधिकार को प्रयोग गर्नको लागि, जस्तै: वातावरण वा मौलिक अधिकार को रक्षा	● सार्वजनिक सरोकारका मुद्दा सोझै माथिल्लो अदालतमा दायर गर्न सकिन्छ । ● कडा कार्यविधिगत नियमहरूको पालना गर्नु नपर्ने । ● यदि मुद्दा असफल नै भएता पनि यसले उक्त सवाललाई प्रशस्त प्रचार गर्दछ र नीति परिवर्तनतर्फ उन्मूख गराउँदछ ।	● मुद्दा गर्दा धेरै वर्ष लाग्न सक्छ । ● यो महङ्गो प्रक्रिया हो ।
कानूनी परामर्शको प्रक्रिया	समुदायको परामर्श सुनिश्चित गर्न	● अन्य प्रक्रियाभन्दा छिटो र कम खर्चिलो ● परियोजनाको बारेमा समुदायको चासो अभिव्यक्त गर्ने मौका दिन्छ ● परियोजनाको बारेमा समुदायमा सूचना प्रवाह गर्दछ त्यसैले आयोजनाको विरोध गर्नँपर्ने भएमा कारवाहीको अवसर दिन्छ ।	● सीमित प्रभावकारिता - केवल अदालतको आदेशद्वारा भएको परामर्श मात्र प्रभावकारी हुने ● समुदायको चासोको पालना गर्नु पर्ने बाध्यात्मक व्यवस्था छैन ।
प्रशासकीय पुनरावलोकन	सरकारको प्रशासकीय कामकारवाहीको पुनरावलोकन गर्न	● नागरिकलाई सरकारी निर्णयको अनुगमन गर्ने अवसर दिन्छ । ● सरकारको जवाफदेहितालाई प्रोत्साहन गर्दछ । ● अन्य केही कानूनी प्रक्रियाभन्दा कम औपचारिक हुन्छ । ● अन्य केही कानूनी प्रक्रियाभन्दा कम खर्चिलो ।	● हक अधिकारको कुरा उठाइएको हुँदैन, केवल सर कारी काम कानूनी वा गैर-कानूनी के छ भनी अदालतले घोषणा गर्दछ
कानूनी प्रणालीको रक्षात्मक प्रयोग	सरकारको कुनै नीति वा कार्यलाई रोक्नको लागि	● नागरिकले सरकारलाई केही काम गर्नबाट रोक्न सक्छन् ● अन्य केही कानूनी प्रक्रियाभन्दा छिटो र कम खर्चिलो	औपचारिक कानूनी कार्यविधि पालना गर्नै पर्ने
विवादको वैकल्पिक समाधान	अदालत बाहेक अन्य तरिकाबाट विवाद समाधान गर्नको लागि	● सहज पहुँच ● कम खर्चिलो वा सित्तैमा ● अनौपचारिक ● छिटो छरितो ● स्थानीय वस्तुस्थितिको ज्ञान भएको व्यक्तिबाट स्थानीय-स्तरमा नै निर्णय गरिने ● यसको पहुँचमा शिक्षाले बाधा नगर्ने	● निर्णय बन्धनकारी हुने र अदालतमा पुनरावेदन गर्न नसकिने ● कहिलेकाँहि यसलाई अव्यवहारिक न्यायको रूपमा लिइन्छ

परिच्छेद ३: प्रथाजनित/परम्परागत र औपचारिक कानून

यस परिच्छेदमा

- प्रथाजनित/परम्परागत कानून र कानून प्रणालीको परिभाषा
- प्रथाजनित/परम्परागत कानून र औपचारिक कानूनबीच तुलना
- यी दुई प्रणालीबीचको द्वन्द

परिभाषा

प्रत्येक देशमा राज्यले बनाएको औपचारिक कानूनद्वारा परिभाषित औपचारिक कानूनी प्रणाली हुन्छ। अर्कोतर्फ प्रथाजनित/परम्परागत कानूनद्वारा संचालित गैर-राज्य कानूनी प्रणालीले समानान्तर रूपमा कार्य गरिरहेको हुन्छ।

प्रथाजनित कानून वा परम्परागत कानून भूमि वा अन्य प्राकृतिक स्रोतको उपयोग गर्ने विषयमा बनेका निश्चित नियमको समूह वा आदेश होइनन्, यिनीहरू त सामाजिक सम्बन्धहरूका अभिव्यक्ति हुन्। यी समुदायको व्यवहारलाई नियमित गर्नको लागि विकसित हुँदै गरेका मापन र नियमहरू हुन्। औपचारिक कानून समुदायको लागि बनाइएको हुन्छ भने प्रथाजनित कानून समुदाय भित्रै बनेर प्रचलनमा रहेको हुन्छ।

प्रथाजनित वा परम्परागत कानून भन्नाले समाजबाट विकसित हुँदै आएको समाजलाई ब्यवस्थित गर्न प्रतिपादित सामाजिक नियम रिती-थिती सम्झनु पर्दछ।

प्रथाजनित/परम्परागत कानूनहरू समाजको सामाजिक, राजनीतिक र आर्थिक अवस्थाको अभिन्न अंग हो। प्रथाजनित कानूनहरू समुदायका नैतिक नियमहरूसँग एकीकृत भएका हुन्छन्। प्रथाजनित/परम्परागत कानूनहरूको परिपालना गर्ने समुदायको कुनै छुट्टै कानून प्रणाली हुँदैन। प्रथाजनित/परम्परागत कानूनले द्वन्द समाधानदेखि सिंचाई, सामाजिक परम्परा र नैतिकता जस्ता धेरै सवालहरूलाई समेटेका हुन्छन्।

प्रथाजनित/परम्परागत कानूनको प्रयोगका ३ वटा स्पष्ट फाईदाहरू छन्:

१. विवाद समाधानमा संलग्न व्यक्ति पनि त्यहिं समाजमा बस्ने भएकोले प्रथाजनित/परम्परागत कानूनहरूका सम्बन्धमा राम्रो जानकार हुन्छन्।
२. औपचारिक अदालतको तुलनामा प्रथाजनित कानूनको आधारमा गरिने विवाद समाधानका कार्यविधिहरू लचिला हुन्छन्।
३. विवाद समाधानको क्रममा धेरै तहबाट गुज्रनु पर्ने भएकोले मेलमिलाप वा सम्झौताको ठूलो सम्भावना रहन्छ।

उदाहरणका लागि: बङ्गलादेश को चटगाउँ पहाडी क्षेत्र (Chittagong Hill Tracts) को विवाद सबैभन्दा पहिले 'कारवारी' (गाउँ प्रमुख वा पाको व्यक्ति) कहाँ जान्छ र उनले गाउँका प्रभावशाली सामाजिक अगुवाहरूको परिषद् र समाजका अन्य ज्येष्ठ नागरिकहरूको सहयोगमा अनौपचरिक सुनुवाई गरी विवाद समाधान गर्ने प्रयत्न गर्दछन्। यदि त्यस्तो विवाद कारवारीद्वारा समाधान हुन नसकेमा मुख्य व्यक्ति वा जाति प्रमुख कहाँ पुग्दछ।

सञ्जय मदनानी

स्थानीय समुदायका अगुवाहरुको बैठक, नागाल्याण्ड, भारत

प्रथाजनित र औपचारिक कानूनको तुलना

प्रथाजनित/परम्परागत कानूनी प्रणाली र औपचारिक कानूनी प्रणालीबीचमा प्रायजसो संघर्षको अवस्था देखिन्छ। औपचारिक कानूनी प्रणाली कठोर हुनाका साथै लचकता कम हुने प्रकृतिका हुन्छन्। त्यसको विपरित प्रथाजनित/परम्परागत कानूनहरू लचिला र अवस्थाअनुसार परिवर्तन गर्न मिल्ने खालका हुन्छन्। प्रथाजनित/परम्परागत कानूनको पालना गरिरहेका समुदायमाथि जब औपचारिक कानून लाद्न खोजिन्छ तब समस्या उत्पन्न हुन्छ।

औपचारिक विधायिकी कानून लिखित, संहिताकृत प्रकृयागत तरिकाले परिवर्तन गर्न सकिने हुन्छन्। परम्परागत कानून अलिखित, लिखित र समय सापेक्षमा सजिलै परिवर्तन र परिमार्जन गर्न सकिने हुन्छन्।

उदाहरणका लागि: धेरै प्रथाजनित/परम्परागत कानूनी प्रणालीहरूले वनजस्ता प्राकृतिक स्रोत समुदायको स्वामित्वमा राख्ने कुरामा बढी जोड दिन्छ, त्यसैले यो व्यक्तिवादी औपचारिक कानूनसँग मेल खाँदैन। परम्परागत कानूनको मूल मनसाय समुदायको स्वामित्व स्थापित गर्नु रहेको हुन्छ भने औपचारिक कानूनले व्यक्तिगत स्वामित्वलाई महत्व दिने हुनाले यी दुई बीच कार्यमूलक सम्झौता हुन कठिन हुन्छ।

उदाहरणका लागि: प्राकृतिक स्रोतको परिप्रेक्षमा वनमा नै बस्ने र त्यहीं काम गर्ने कुनै आदिवासी जनजातीले सामुदायिक वनको व्यवस्थापनको लागि बनाएका नियमहरू प्रथाजनित कानूनको एउटा उदाहरण हो। त्यसका केही नियमहरू हुन्छन् र ती सबैको

तालिका २: प्रथाजनित र औपचारिक कानूनको तुलना

प्रथाजनित कानून	औपचारिक कानून
• प्रथाजनित कानून प्राय: अलिखित हुन्छ र यसको कुनै संहिता हुँदैन। यो कुनै सीमित अर्थ र परिभाषामा समेटिएको हुँदैन।	• औपचारिक वा विधायिकी कानून लिखित र संहिताकृत हुन्छन्। औपचारिक रूपमा अभिलेखित हुन्छन्।
• यो समुदायद्वारा नै निर्माण गरिएको र सामाजिक रूपले स्वीकृत र पालना गरिएको हुन्छ।	• औपचारिक कानून राज्यको संयन्त्र जस्तै संसद, व्यवस्थापिकाद्वारा निर्मित हुन्छ।
• प्रथाजनित कानून अनौपचारिक प्रकृतिको हुने भएकोले औपचारिक कानूनभन्दा सजिलै परिवर्तन गर्न सकिन्छ। यदि कुनै सामाजिक समूहको आवश्यकता र हित परिवर्तन भएमा प्रथाजनित कानून पनि परिवर्तन हुन्छन्।	• औपचारिक कानून परिवर्तन गर्न कठिन हुन्छ। यो निश्चित मापदण्ड र नियमहरूको पालना गरेर मात्र परिवर्तन गर्न सकिन्छ।

पालना गर्नुपर्छ भन्ने मानिन्छ तर तिनीहरू समुदायले बनाएका हुन्छन् र अलिखित हुन्छन् । सरकारले बनाएको विधायिकी कानून औपचारिक कानूनको उदाहरण हो । जस्तै; जसले वन कसको अधिनमा रहने र कसले यसबाट लाभ लिने जस्ता विषयहरू निश्चित गरेको भारतीय वन संरक्षण ऐन औपचारिक कानून हो । यो लिखित हुन्छ र राज्यको विधायिकाद्वारा निर्मित र यो सबैका लागि समान रूपमा लागू हुन्छ न कि कुनै समुदाय विशेषको लागि ।

प्रथाजनित/परम्परागत र औपचारिक कानूनी प्रणालीबीच द्वन्द्व

वातावरणीय न्यायको परिप्रेक्षमा प्रथाजनित/परम्परागत कानून र औपचारिक कानूनबीचको फरकको चर्चा सान्दर्भिक हुन आउँछ ।

उदाहरणको लागि: दक्षिण एशियाका धेरै आदिवासी जनजाती समुदाय खोरिया खेती (jhum, or shifting cultivation) गर्दछन् । खोरिया खेतीको लागि जमीनको बाँडफाँड कसरी गर्ने लगायतका अन्य नियमहरू प्रथाजनित नियमहरूबाट निर्धारित हुन्छन् । यदि राज्यको औपचारिक कानूनले खोरिया खेतीलाई गैर-कानूनी घोषणा गरेमा खोरिया खेतीमा आश्रित समुदायले जीविकोपार्जनको साधन गुमाउन पुग्दछन् र प्रथाजनित कानून र औपचारिक कानूनबीचमा प्रत्यक्ष द्वन्द सृजना हुन्छ ।

व्यक्तिगत द्वन्दको तहमा हेर्दा २ वटा द्वन्दका फरक स्वरूप देखिन्छ:
१. प्रथाजनित कानून मान्ने व्यक्तिहरुबीचको द्वन्द ।
२. त्यस्ता व्यक्तिहरूबीचको द्वन्द जसमध्ये एक पक्ष मात्र प्रथाजनित कानून मान्दछ ।

तालिका ३: प्रथाजनित/परम्परागत कानून र औपचारिक कानूनबीच द्वन्द्वका केही अवस्थाहरू

अवस्था १: द्वन्द्वका दुवै पक्षले प्रथाजनित/परम्परागत कानूनको पालना गर्ने अवस्था यस्तो अवस्थामा प्रथाजनित कानून द्वन्दरत दुवै पक्षलाई बन्धन-कारी हुन्छ र प्रथाजनित कानूनद्वारा तय गरिएको द्वन्द समाधानको संयन्त्र प्रयोग गरिन्छ ।	**फाईदाहरू** ● यस्तोमा विवादित पक्षहरू एउटै समुदायका हुने भएकाले उक्त समुदायको प्रथा परम्पराका बारेमा जानकार हुन्छन् । ● प्रथाजनित कानूनको अनौपचारिक प्रकृतिको कारणले विवाद छिटो छरितो रूपमा समाधान हुन्छ । **बेफाईदाहरू** ● मध्यस्थकर्ताको निर्णय अन्तिम हुने भएकोले पुनरावेदन गर्न सकिंदैन । ● प्रथाजनित कानून समुदायको आचरण व्यवहारबाट विकसित नियम भएकोले सधैं उपयुक्त/सुहाउँदो हुन्छ भन्न सकिंदैन । ● प्रथाको विकास हुन र परिवर्तन हुन वर्षौं लाग्दछ । ● समाजमा विद्यमान जातीय, लैङ्गिक विभेद जस्ता कुराहरूले गर्दा अन्यायपूर्ण निर्णय हुन सक्छ ।
अवस्था २: एक पक्ष मात्र प्रथाजनित कानूनको पालना गर्ने व्यक्तिहरू बीचको द्वन्द्व **यस्तो अवस्थामा २ वटा प्रश्न खडा हुन्छन्:**	**सवाल १:** ● विवादको सुनुवाई कसले गर्ने, परम्परागत अदालत अन्तर्गत वा औपचारिक कानून प्रणाली अन्तर्गत ? **सवाल २:** ● कुन कानून लागू हुने ? निश्चित समुदायको व्यक्तिलाई सो समुदायको सम्बन्धित प्रथा र नियम बन्धनकारी हुन्छ । जो प्रथाजनित कानूनको पालना गर्दैन उसलाई औपचारिक कानून लागू हुन्छ ।

चटगाउँ पहाडी क्षेत्रमा प्रथाजनित/परम्परागत र औपचारिक कानून

पृष्ठभूमि

चटगाउँ पहाडी क्षेत्र बङ्गलादेश को दक्षिण-पूर्वमा पर्दछ। ऐतिहासिक रूपमा हेर्दा बङ्गलादेश को अन्य भागभन्दा चटगाउँ पहाडी क्षेत्रको शासन व्यवस्था छुट्टै रहेको थियो। जसको कारण आज पनि यस क्षेत्रमा प्रथाजनित, क्षेत्रीय र औपचारिक कानून मिश्रित रूपमा लागू हुने गरेको छ।

चटगाउँ पहाडी क्षेत्रमा सीमित मात्रामा भए पनि परम्परागत संस्थाहरूले प्राकृतिक स्रोत साधनहरूको नियमन गर्ने गर्दछन्। परम्परागत संस्थाहरूको क्षेत्राधिकार औपचारिक कानून लागू हुने अवस्थामा आर्कषित नभई प्रथाजनित कानून लागू हुने अवस्थामा मात्र आकर्षित हुन्छ। व्यक्तिगत मामला जस्तो कि पारिवारिक कानूनमा राज्यको कानूनले खासै हस्तक्षेप गर्दैन तर भूमि तथा वनसँग सम्बन्धित प्रथाजनित कानून त्यतिबेलासम्म मात्र लागू हुन्छ जबसम्म तिनीहरू राज्यको कानूनसँग बाझ्दैनन्।

औपचारिक र प्रथाजनित भूमिसम्बन्धी कानूनहरू

सन् १८६० मा ब्रिटिश बङ्गालमा गाभिएदेखि नै चटगाउँ पहाडी क्षेत्रमा प्रथाजनित र औपचारिक कानून दुवै नै प्रचलनमा थिए। तर पनि ती दुई प्रणालीहरूबीच द्वन्द विद्यमान थियो। प्रथाजनित भूमिसम्बन्धी कानूनहरू सामुदायिक र निर्वाहमूलक स्रोत व्यवस्थापनको सेरोफेरोमा विकसित भएकोले पनि यो द्वन्द हुनु कुनै आश्चर्यको विषयवस्तु होइन। अर्कोतर्फ औपचारिक भूमिसम्बन्धी कानूनले व्यक्तिगत स्वामित्व वा व्यवसायिक स्रोत व्यवस्थापनलाई महत्व दिने गरेको छ।

वन, खोरिया, चरन जस्ता सामुदायिक जग्गाको व्यवस्थापन र प्रशासनको जिम्मेवारी मुख्यतया समुदायको प्रमुखमा रहेको हुन्छ साथै त्यस्तो जग्गाको व्यवस्थापन र प्रशासन राज्यको जिल्ला-स्तरीय निकायसँग पनि रहेको हुन्छ। समुदायको प्रमुख व्यक्तिको अधिकारभन्दा जिल्ला-स्तरीय निकायको अधिकार स्पष्टसँग निर्धारित हुन्छ। जसले गर्दा त्यस्तो जग्गामा आदिवासी समुदायको अधिकारभन्दा सरकारी निकायको अधिकारलाई बढी महत्व दिइन्छ।

उदाहरणको लागि खोरिया खेती गर्ने जग्गाको प्रशासनको सम्पूर्ण जिम्मेवारी पहाडी जिल्लाको लागि केन्द्र सरकारको प्रतिनिधि उप-आयुक्तलाई दिइएको छ तर पनि व्यवहारमा खोरिया खेती गर्ने जग्गाको बाँडफाँड स्थानीय प्रथा परम्परा चलन चल्तीको आधारमा गरिन्छ। यो प्रक्रिया पूर्ण रूपमा समुदायको मूली को मातहतमा रहन्छ। यस्तो अवस्थामा परम्मरागत अभ्यासलाई प्रष्ट रूपमा मान्यता नदिइएता पनि भूमि तथा अन्य प्राकृतिक स्रोतको व्यवस्थापन र प्रशासनमा परम्परागत व्यवस्थालाई औपचारिक कानूनले व्यवहारिक रूपमा मान्यता प्रदान गरेको हुन्छ।

स्रोत माथिको परम्परागत अधिकार

खोरिया जग्गाको अतिरिक्त चरन क्षेत्र, पानीको स्रोत र शिकार गर्ने जस्ता परम्परागत स्रोत माथिको अधिकार पनि महत्वपूर्ण हुन्छ। यीमध्ये केही अधिकारहरू पानीको स्रोत माथिको अधिकार र शिकार गर्ने अधिकारलाई कानूनले प्रत्यक्ष रूपमा मान्यता प्रदान गरेको छैन। सामूहिक चरन क्षेत्र र घाँसे क्षेत्रको अधिकारलाई खोरिया क्षेत्रको जस्तै अप्रत्यक्ष रूपमा मान्यता दिइएको छ। यसै गरी काठ, बाँस र अन्य घरायसी प्रयोगका वनजन्य उत्पादनको प्रयोगलाई औपचारिक कानूनले प्रष्ट रूपमा मान्यता दिएको छ।

जब औपचारिक र प्रथागत कानूनबीच द्वन्द सृजना हुन्छ तब सामान्यतया: औपचारिक कानून लागू हुन्छ। यी दुईबीचको सह-अस्तित्वमा देखा पर्ने समस्या पनि यहि नै हो। आदिवासी जनजातीको परम्परागत अधिकारलाई केवल एक विशेषाधिकारको रूपमा लिइन्छ जुन राज्यले चाहेमा जुनसुकै बेला खारेज गर्न सक्दछ।

चटगाउँ पहाडी क्षेत्रको विषयमा थप जानकारीको लागि परिच्छेद ४ हेर्नुहोला